नारायण नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा नगर उप-प्रमुख श्री तप्ता कुमारी खड्का (थापा)ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को

# बजेट तथा कार्यक्रम

## नारायण नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, दैलेख

## १० आषार २०८०

**सभाका अध्यक्ष ज्यू,**

**नगर सभाका सदस्यज्यूहरु**

नारायण नगरपालिका दैलेखको उपप्रमुखको भूमिकामा रहि यस नगर गरिमामय नगर सभाको १२ औं अधिवेशनको दोस्रो वैठ्क समक्ष आर्थिक वर्ष २०८०।०८१ का लागि यस नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा म गौरवान्तित महसुस गरिरहेको छु । यस अवसरमा नेपालमा नागरिक सर्वोच्चता संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना र नेपाली जनताको पटक -पटकको बलिदानीपूर्ण संघर्ष र विभिन्न जनआन्दोलन तथा मुलुकको समृद्धि र अग्रगमनका लागी वलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नहुने ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । सवै नगर बासी आदरणिय,आमा, बुवा, दाजुभाई, दिदिबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

**“समृद्ध नगर, आत्मनिर्भर नगर बासी, स्वच्छ नगर र सुखी नगरबासी”** भन्ने पालिकाको आकांक्षा आत्मसात गरी स्वास्थ्य, शिक्षा, खानेपानी, सुरक्षित आवास, रोजगारी तथा उत्पादन जस्ता आवश्यक्ताहरुको परिपूर्तिबाट नगरवासीलाई परिवर्तनको आभाष दिलाउने अठोटका साथ नगर अघि बढिरहेको छ ।

आगामी वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरको आर्थिक विद्येक २०८०, विनियोजित विद्येक २०८०, नगरको नीति तथा कार्यक्रम, संघीय सरकारका नीति तथा कार्यक्रमहरु, कर्णाली  प्रदेश सरकारको नीति तथा कार्यक्रम नगरका विषयगत समितिका सुझावहरु, दिगो विकासका लक्ष्य र रणनितिहरु, नेपाल सरकारको १५ औं योजना, वडा भेलाबाट प्राप्त सुझावहरु, विषय विज्ञका राय सुझाव आवधीक योजना २०८० तथा राजनितीक दलहरु, संघ-संस्था, यस नारायण नगरका सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईहरुबाट प्राप्त सुझावहरुलाई आ.व २०८०/०८१ को बजेट तर्जुमाको मुख्य आधारको रुपमा लिइएको छ ।

**सभाका अध्यक्ष ज्यू,**

अव म नारायण नगरपालिकाको हालसम्मको स्थिति सम्वन्धमा संक्षिप्त जानकारी गराउन चाहन्छु । चालु आ.व २०७९/०८० को लागि कुल अनुमानित आय  तर्फ रु ६७ करोड ४७ लाख ६० हजार ४५७  र व्ययतर्फ तर्फ  रु ६७ करोड ४७ लाख ६० हजार ४५७  बराबरको  रकम अनुमान गरिएको थियो

व्ययतर्फ चालु शीर्षकमा रु ४४ करोड ३६ लाख ८२ हजार ६६० विनियोजित भएकोमा २०८० आषाढ पहिलो हप्तासम्म रु ३२ करोड ८१ लाख ४८ हजार  अर्थात ७३।७६ प्रतिशत र पूँजीगत तर्फ रु २३ करोड १० लाख ७७ हजार  विनियोजन भएकोमा ११ करोड ५८ लाख ८८ हजार ४सय २२  अर्थात ५०।१५ प्रतिशत गरी कुल खर्च जम्मा रु ४४ करोड ४० लाख ३६ हजार ४ सय ५७ रहेको छ ।
२०८० आसार मसान्त सम्ममा संसोधित अनुमान राजश्व आम्दानीतर्फ जनसहभागीता तथा घरजग्गा रजिष्ट्रशन शुल्क समेत गरी करिब रु १ करोड आम्दानी हुने अनुमान गरिएको छ ।

**आयतर्फ**

- संघीय सरकार शशर्त  अनुदान तर्फ २८ करोड ८६ लाख ।
- संघीय सरकार वितिय समानिकरण १० करोड ३४ लाख ।

- संघीय सरकार विशेष अनुदान १ करोड ५० लाख ।
- संघीय सरकार समपूरक अनुदान ६० लाख ।
- संघीय सरकारको राजस्व बाडफाँड बाट ९ करोड ४५ लाख ८७ हजार ७ सय ।
- कर्णाली प्रदेशबाट प्राप्त श्रोत वितिय समानिकरण १ करोड १७ लाख ८० हजार ।
- कर्णाली प्रदेशबाट प्राप्त श्रोत शर्शत अनुदान २ करोड ८८ लाख १० हजार ।
- कर्णाली प्रदेशबाट प्राप्त श्रोत विशेष अनुदान ३० लाख ।
- कर्णाली प्रदेशबाट प्राप्त श्रोत समपूरक अनुदान १ करोड लाख ५० लाख
- कर्णाली प्रदेशबाट प्राप्त हुने राजस्व बांडफांड १७ लाख ८९ हजार ३ सय ६
- आन्तरिक श्रोत बाट प्राप्त हुंने आम्दानी १ करोड २० लाख ।
- गत वर्षको जिम्मेवारीबाट प्राप्त हुने रकम २० लाख ।

जम्मा रकम ५८ करोड १९ लाख ६७ हजार ६ मात्र व्ययको अनुमान पेश गरेको छु ।

**व्ययतर्फ**

- चालु खर्च करिब ४५ करोड २८ लाख ९८ हजार ३ सय ६ ।
- पूँजीगत तर्फ १२ करोड ९० लाख ६८ हजार ७ सय ।
- संघीय सरकारको शर्शत कार्यक्रम प्राप्त रकम रु २८ करोड ८६ लाख विभिन्न विषयगत शिर्षकमा विनयोजित गरी सोही शिर्षक संग नगरले केही मात्रामा साझेदारी गरी आवश्यक क्रियाकलाप बनाई कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- प्रदेश समपुरक १ करोड ५० लाख बराबरको रकममा चाहिने आवश्यक रकम साझेदारी रकम नगरपालिकाबाट विनियोजन गरेको छु ।
- प्रदेश सरकारको शर्शत कार्यक्रममा आएको रकम रु २ करोड ४० लाख ९० हजार बराबर रकमको आवश्यक क्रियाकलाप वनाई कार्यान्वयन व्यवस्था गरेको छु ।

अब म आगामी २०८०/०८१ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ । :**

१. सडक, पूर्वाधार, खानेपानी, सिंचाइ, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रको सन्तुलित र तिव्र विकासबाट रोजगारी सृजना गर्ने
२. सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त र भ्रष्टाचार नियन्त्रण गरि शुन्य सहनशिलता कायम गर्ने,
३. नगरवासिका न्यूनतम आधारभूत आवश्यक्ताहरु परिपूर्ति गर्न कृषिमा स्वरोजगार अवसर श्रृजना गरी

आन्तरिक उत्पादन बृद्धि गर्ने,

४. आफ्नो टोल आफै वनाउनको लागी टोल विकास संस्था मार्फत नगरको समग्र विकासमा स्थानीय श्रोत साधनको अधिकत्तम प्रयोग गर्दै विकासमा अपनत्व कायम गर्ने ।

**८०/०८१ को बजेटको प्राथमिकताका क्षेत्रहरु निम्नअनुसार प्रस्तुत गरिएको छ ।**

१. उत्पादनशील क्षेत्रहरु ( कृषि, पशु, पर्यटन, उद्योग र सहकारी आदि),

२. शिक्षा, स्वास्थ्य र युवा तथा खेलकुद,

३. पर्यटन पूर्वाधार विकास,

४. सामाजिक न्याय, सामाजिक सुरक्षा र सवलिकरण,

५. संस्थागत विकास तथा शुशासन आदी ।

**मीथ उल्लेखी विकासका उदेश्य पूरा गर्नको लागी देहायका आधार बनाई अघि बढेको छु ।**

बजेटले राखेका उद्देश्य एंव प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरि स्थानीय आयश्रोतबाट उठेको राजस्वलाई नागरिकको जनजिविकासंग जोडिनेछ । विनियोजित हुने बजेट र **बार्षिक नीति तथा कार्यक्रम** र बजेटका प्राथमिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्ने प्रयास गरिएको छ । उपलब्ध पूँजी, सिप र क्षमताको प्रभावकारी उपयोग गर्न विकासका सहयात्री सरकारी (संघ, प्रदेश, अन्य स्थानीय तह, निजी क्षेत्र र विकास साझेदार संघ संस्थासग आवश्यक समन्यात्मक सहकार्य गरिनेछ । त्यस्तै यहाँका राजनितिक दल विभिन्न नागरिक समाज, टोल विकास संस्था र पत्राकार संघसंगको सहकार्यलाई विशेष जोड दिईने छ ।

**सभाका अध्यक्ष ज्यू,**

**नगर सभाका सदस्यज्यूहरु**

अब म नगरको आ.व २०८०/०८१ को कुल आय र व्यय तथा विषयगत क्षेत्रमा विनियोजित गरीएको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । नीति तथा कार्यक्रम र बजेटले राखेका उदेश्य एंव प्राथमिकता कार्यान्वयनको लागी आ.व २०८०/०८१ को कुल व्यय रु ५८ करोड १९ लाख ६७ हजार ६ रुपैंया विनियोजन गरी कार्यान्वयनको लागी आवश्यकता अनुसार नगरस्तरबाट र वडास्तरवाट कार्यान्वयन हुने गरी आवश्यक व्यवस्था गरेको छु ।

अन्तर सरकारी अख्तियारीबाट प्राप्त रकम मुल सञ्जित कोषमा प्राप्त नहुने भएकोले अन्तर सरकारी अख्तियारी शीर्षकबाट नै लेखांकन गरिने भएकोले यहाँ समावेश गरिएको छैन । साथै नारायण नगरपालिका भित्र कार्य क्षेत्र बनाई लागु भएका विभिन्न साझेदारी विकास संस्था (गै.स.स, अन्तराष्ट्रिय संघ

सस्था, प्रतिष्ठान,क्लव,सामाजिक संघ संस्था)को बजेट यहाँ समावेश नगरीएको भएता पनि  तत्त तत्त संस्थाका कार्यक्रमहरु यस नगरसभाबाट स्विकृत गरी कार्यान्वयनमा लगिने छ ।

**अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु ।**

१. पुर्वाधार विकास :

नगरको पहिचान दिन र दिगो विकासलाई सुनिश्चित गर्न, नगर रिङ् रोड, पाँच शैयाको त्रिवेणी अस्पताल पूर्वाधार निर्माण, वडा सदरमूकायम जाने बाह्रै महिने सडक निमार्ण एंव सौर्न्दयकरण तथा वडा कार्यालयको प्रशासनिक भवन निर्माण, स्वास्थ्य संस्थाको भवन निर्माण र पञ्चकोशि मानव निर्मितताललाई गौरवका योजनाहरुको रुपमा राखी द्रुत गतिमा कार्यान्वयनमा ल्याइने छ । साथै केन्द्र सरकार र प्रदेश सरकारसँग समपुरक अनुदान माग गर्न समपुरक साझेदारी कोष समेत खडा गरिएको छ । समग्र पूर्वाधार विकासको लागी  आवश्यक पर्ने रकम रु ७ करोड ५ लाख ९० हजार  ७ सय देहाय बमोजिमका प्राथमिकताको क्षेत्रमा आवश्यक बजेट विनियोजन गरिएको छ ।

१. नगर रिङ् रोड ।
२. पाँच शैयाको त्रिवेणी अस्पताल पूर्वाधार निर्माण ।
३. पञ्चकोशि मानवनिर्मित ताल निर्माण ।
४. वडा कार्यालय  प्रशासनिक भवन निर्माण ।
५. एक घर एक धारा निर्माण ।
६. बजार सडक पिच ।
७. बहुआयमिक कम्पेलेक्स भवन निर्माण ।
८. नगर सभाहल निर्माण ।
९. बजारको ढल व्यवस्थापन

माथि उल्लेखीत आयोजनामा आवश्यक  क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छु ।

२. आर्थिक विकास क्षेत्र :

नगरको कृषि तथा सहकारी, पर्यटन, जलस्रोत तथा सिँचाई बन, पशुपंक्षि विकास र उद्योग क्षेत्रको विकास मार्फत आत्मनिर्भर नगर बनाई राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान दिन कृषि क्षेत्रमा रु १ करोड  ७९ लाख ५० हजार देहाय बमोजिमका क्रिर्याकलापमा आवश्यक बजेट विनियोजन गरेको छु ।

१. हाईटेक नर्शरी संचालन ।
२. पकेट क्षेत्र संचालन ।
३. अनुदानमा आधारीत विउ, मल कृषि औजारमा वितरण ।
४. साना सिँचाई ।
५. मासु प्रवद्धन ।
६. भेडा बाखा प्रवद्धन ।
७. रैथाने बाली संरक्षण  ।
८. हाटवजार व्यवस्थापन ।
९. चिस्यान केन्द्र स्थापना  ।

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छु ।

पशु विकास कार्यक्रम तर्फ रु ३४ लाख

१. भेडा बाख्रा पालन
२. बंगुर पालन
३. कुखुरा पालन
४. उन्नत जानतको घाँसको बीउ वितरण
५. पशु स्वास्थ्यका लागि औषधी वितरण
६. मासु मिसन कार्यक्रम संचालन
७. भैषि प्रवद्धन कार्यक्रम ।

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छ ।

**पर्यटन तथा उद्योग क्षेत्रमा रु १८ लाख**

१. पञ्चकोशि मानव निर्मित ताल पूर्वाधार निर्माण ।
२. बेलासपूर दरवार उत्खनन ।
३. ऐतिहासिक पञ्चदेवल संरक्षण ।
४. कोटगढी मर्मत सम्भार ।
५. वडाका विभिन्न पार्कहरु व्यवस्थापन ।
६. लघुउद्यमिको विकास तथा क्षमता अभिवृद्धि

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छ ।

**सामाजिक क्षेत्रको विकासको लागी**

१. लक्षित विकासका विभिन्न सिप तालिम र गोष्ठी संचालन ।
२. जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री कार्यक्रम ।
३. विभिन्न संघ सस्थासंग साझेदारी कार्यक्रम
४. एकल महिला तथा पुरुष सामाजिक सुरक्षा कार्यक्रम
५. युवा, महिला तथा जेष्ठनागरीक संग नगर प्रमुख एंव उपप्रमुख भेटघाट कार्यक्रम

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छ ।

**३. सामाजिक विकास**

**शिक्षा तर्फ**

**समृद्ध नगरको थालनी, शिक्षामा लगानी** भन्ने नाराका साथ विद्यालय उमेर समुहका सबै बालबालिकालाई शिक्षाको पहुँच विस्तार र गुणस्तरीय शिक्षाको प्रत्याभुति हुने गरी शैक्षिक कार्यक्रम संचालनका लागी आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

सबै माध्यमिक तह संचालन भएका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई महिनावारी हुँदा पर्ने समस्या तथा पठनपाठनमा हुने अप्ठयारोपन न्यूनीकरण गर्न सबै सामुदायिक माध्यमिक विद्यालयमा सेनेटरी प्याड र भेण्डिङ्ग मेसिनको व्यवस्थापन गर्ने र महिला शिक्षक सुत्केरी हुँदा पठन-पाठन अवरोध हटाउन आवश्यकता हेरी वैकल्पिक पठनपाठन लागि आवश्यक व्यवस्था गरेको छ ।

बालमैत्री विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने कुरालाई मध्यनजर राख्दै विद्यालयको भौतिक सुदृढिकरणका लागी आवश्यक बजेटको व्यवस्था गरिएको छ । स्थानीयतहमा रहेका पुरातात्विक र परम्परागत साधन र सामग्री पुस्ता हस्तान्तरणका लागी नमुना लघु संग्रहालय स्थापना गरिनेछ । विद्यालयमा कार्यरत बालविकास, सहायक कर्मचारी, कार्यालय सहयोगी र नगर अनुदानबाट राखीएका शिक्षकहरुको तपवमानमा अथेस्ट वृद्धि गरीको छ । त्यसका लागि **३१ करोड ७६ लाख ७५ हजार ३०६** बजेट विनियोजित गरेको छु

१. किशोरी शिक्षा ।
२. बाल क्लव गठन ।
३. अन्तर विद्यालय प्रतियोगिता ।
४. आधुनिक शैक्षिक प्रविधीमैत्री शिक्षा ।
५. नगर शिक्षा कोष ।
६. नविनतम खोज सम्वन्धी कार्यक्रम ।

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य तर्फ :**

गुणस्तरीय स्वास्थ्य सेवामार्फत नगरवासीलाई सुखी र खुशी बनाउन स्वास्थ्य क्षेत्रमा रु ५ करोड ३८ लाख १५ हजार विनियोजन गरिएको छ । उक्त रकम देहाय बमोजिमको प्राथमिक क्षेत्रमा खर्च गर्ने व्यवस्था गरेको छु ।

१. स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य केन्द्रलाई आवश्यक पर्ने औषधी र कार्यालय व्यवस्थापन
२. उपमेर संग गर्भवतीसंग भेटघाट र असल आमा प्रोत्साहन कार्यक्रम ।
३. भवानी स्वास्थ्य चौकी र विन्ध्यावासिनी स्वास्थ्य चौकीमा २४ घण्टा आकाश्मीक सेवा संचालन ।
४. त्रिवेणी स्वास्थ्य चौकीमा ५ शैयाको अस्पताल संचालनकोलागि मेडिकल अधिकृत सहितको सेवा संचालन ।
५. दलित, गरीव अयास तथा विपन्न नागरीको नि:शुल्क स्वास्थ्य विमा कार्यक्रम ।
६. वृद्धावृदा र दीर्घरोगीसंग नगर प्रमुख घरदैलो कार्यक्रम ।

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छु ।

**४. वातावरण तथा सरसफाई र विपद व्यवस्थापन :**

नगरीय सौन्दयता र स्वच्छ वातावरण प्रवद्धन गर्न, आवश्यक बजेटको व्यवस्था गरिएको छ साथै विपदजन्य घटनाको पूर्व तयारी तथा प्रतिकार्य गर्नको लागी स्रोतको व्यवस्था गरिएको छ । समग्रमा वातावरण तथा सरसफाई र विपद व्यवस्थपन कार्यको लागी रु १ करोड ४६ लाख १० हजार देहायको क्षेत्रमा खर्च गर्ने व्यवस्था गरेको छु ।

१. १ घर २ गमला ।
२. नगर सरसफाई नगर सडकको छेउमा वृक्षारोपण ।
३. भु-संरक्षण बाढी पहिरो, आगलागी ।
४. ल्याण्ड फिल्ड साईट पूर्वाधार निर्माण ।

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छु ।

**५.सामाजिक न्याय, सामाजिक सुरक्षा र सवलिकरण**

महिला, बालबालिका, अपाङ्ग, दलित सिमान्कृत, लोपउन्मुख जातीकहरुको पक्षमा लगायतका कमजोरी वर्गको पक्षको सबलीकरण कार्यक्रमलाई निरन्तरता दिईएको छ । त्यसैगरी गर्भवती महिलासँग उपमेयर भेटघाट कार्यक्रम लगायत अन्य कार्यक्रमको लागी रु २८ लाख ७४ हजार विनियोजन गरिएको छ। उक्त रकम देहायका क्रियाकलापका खर्च गर्ने व्यवसथा गरेको छु।

१. महिला बालबालिका तथा जेष्ठ नागरीक
२. दलित यूवा , समूह र सिप मूलका कार्यक्रम
३. अपाङ्ग तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम
४. लक्षित छात्रवृत्रि कार्यक्रम

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छु ।

**६. युवा तथा खेलकुद**

युवाको क्षमताविकास तथा खेलकुदको माध्यमबाट नगरलाई परिचित गराउनको लागी रु १० लाख विनियोजन गरी देहायको क्रियाकलापमा खर्च गर्ने व्यवस्था गरेको छु।

१. नगर प्रमुख कप
२. राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोतिता
३. अन्तर नगरपालिका स्तरीय विभिन्न खेलकुद कार्यक्रम

माथि उल्लेखीत आयोजनामा आवश्यक क्रियाकलाप बनाई आवश्यक बजेट विनियोजन गरेको छु ।

**७. संस्थागत विकास तथा शुसासन :**

वित्तीय एंव संस्थागत व्यवस्थापनलाई चुस्त र दूस्त बनाउन, लेखा प्रणालीलाई सुदृढिकरण गर्न, कर दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन कर्मचारीको क्षमता अभिवृद्धि गर्न र वित्तिय व्यवस्थापनलाई सुचना प्रविधिमैत्री बनाई शुशासन कायम राख्न रु ४ करोड १० लाख १६ हजार बराबरको आवश्यक क्रियाकलाप बनाई बजेट व्यवस्थापन गरिएको छ।

**८. सेवा प्रवाह र प्रशासनिक कार्य :**

उच्च एंव उत्प्रेरित तथा मनोबलयुक्त जनशक्तिबाट प्रभावकारी सेवाप्रवाह भई आम सेवाग्राहीले शुसासनको अनुभुती गर्ने हुँदा कर्मचारीको क्षमता अभिवृद्धि गर्न नगरको संगठन र संस्थागत विकास गरी सुदृढ प्रशासन कायम गर्न नगरमा कार्यरत कर्मचारीको अस्थाई तथा करारमा कार्यरत कर्मचारीको सामाजिक सुरक्षा कोषलाई थप व्यवस्थित गरिने छ । कार्यालयको प्रशासनीक तथा उपभोग खर्चमा करिव रु १४ करोड विनियोजन गरी आवश्यक रकम चालु तर्फको बजेट व्यवसथापन र कार्यालय संचालनमा र व्यवस्थापनमा विनियोजन गरेको छु।

९. भुगोल, जनसंख्या र राजस्व र पिछडीएको मापदण्डका आधारमा हरेक वडामा समानुपातिक विकास गर्ने उद्देश्यले वडास्तरबाटै कार्यान्वयन हुने गरी रु २ करोड ९ लाख आवश्यक क्रियाकलाप बनाई रकम खर्च गर्ने व्यवस्था गरेको छु।

**अन्तमा,**

चालु आ.व.को हालसम्मको आय व्ययको विवरण (नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट भएका आयोजनागत विनियोजन एंव संशोधन समेत), आयव्ययको ंशंसोधित अनुमान, आगामी वर्षको विषय क्षेत्रगत, आयोजनागत बजेटको अनुमानित विवरण समेटिएको बार्षिक योजना पुस्तिका छिट्टै सार्वजनिक गरिनेछ । प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्य ज्यू, विज्ञ महानुभावहरु, राजनीतीज्ञ ज्यू, लगायतका सम्पूर्ण नगर बासी दाजुभाई तथा दिदि बहिनी एव्म अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

तप्ता कुमारी खड्का (थापा)
नारायण नगरपालिका,दैलेख

२०८० आषाढ १० गते